# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/०४ गते सर्वोच्च अदालतमा पुनरावलोकन गरिएको मुद्दाको विवरण।

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | सर्वोच्च अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावलोकनको निवेदन गर्दा लिईएका आधार र कारण |
|---|---|---|---|---|---|
| १ | भोला कुमार आले र सतिश कुमार भट्टराई (सर्वोच्च अदालतको मुद्दा नं. ०७६-CR-०७२९ र फैसला मिति २०८१।११।२०) | भ्रष्टाचार (घुस/रिसवत लिई भ्रष्टाचार गरेको)। | प्रतिवादी भोला कुमार आले र सतिश कुमार भट्टराईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज भोला कुमार आलेको हकमा बिगो रु.१,५१,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिबाना र कैद सजायँ हुन र सतिश कुमार भट्टराईको हकमा बिगो रु.९०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिबाना र कैद सजायँ हुन मागदावी लिइएको। | **फैसलाः**<br>विशेष अदालत काठमाडौंबाट मिति २०७६।३।२६ मा भएको फैसला सम्वद्ध प्रमाण कागज, कानून तथा यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त समेतको रोहमा मिलेको नदेखिएकोले सो फैसला उल्टी भई पुनरावेदक प्रतिवादीहरुले अभियोग दाबीबाट सफाई पाउने फैसला भएको।<br>**सर्वोच्च अदालतले फैसला गर्दा लिएका आधारः**<br>क) प्रतिवादीहरुले उजुरकर्तासँग लिएको भनिएको बरामद भएको रकम तथा बरामदी मुचुल्कालाई प्रमाणमा ग्रहण गर्न नमिल्ने | **उल्लेखित आधारहरु लिई गरेको उक्त फैसला न्याय प्रशासन ऐन,२०७३ को दफा ११(२)(ख)को अवस्था विद्यमान भई निम्न लिखित आधार कारणबाट त्रुटिपूर्ण रहेकोले पुनरावलोकनको रोहबाट बदरभागी छ ।**<br>(क) सिन्धुली जिल्ला गोलन्जोर गाउँपालिकाको कार्यालय र फिक्कल गाउँपालिकाको कार्यालयले कार्यालय प्रयोजनका लागि उजुरी निवेदक ध्रुब भन्ने फत्त बहादुर श्रेष्ठ मार्फत सोलार तथा ईन्भर्टर खरिद गरेकोमा गोलन्जोर गाउँपालिकाको कार्यालयका कार्यकारी अधिकृत भोला कुमार आलेले भुक्तानी दिई भुक्तानी दिए वापत कमिशन चाहिन्छ भनि रु.१,५१,०००।- र फिक्कल गाउँपालिकाको कार्यालयका कार्यकारी अधिकृत सतिश कुमार भट्टराईले भुक्तानी नै नदिई रु.९०,०००।- दिएमा मात्र भुक्तानी वापतको चेक दिने भनि उजुरी निवेदक ध्रुब भन्ने फत्त बहादुर श्रेष्ठबाट घुस/रिसवत माग गरी उक्त घुस रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास, महोत्तरीबाट उजुरकर्ताले बुझिलिई सोही नोट प्रतिवादीहरूलाई दिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिबास महोत्तरीबाट खटिएको टोलीले निज प्रतिवादीहरुबाट सोही नोट बरामद गरेको तथा प्रतिबेदक प्रहरी उपरीक्षक मुकेश कुमार सिंह समेतले प्रतिबेदन साथ पेश गरेको घुस रकम लेनदेन तथा खानतलासी/बरामदी गर्दाको अबस्थाको गतिबिधि रेकर्ड भएको श्रव्य-दृष्य सिडि र उजुरी निबेदक फत्त बहादुर श्रेष्ठले निवेदन साथ पेश गरेको भोला कुमार आले र सतिश कुमार भट्टराईले निबेदकसंग घुस/रिसवत लेनदेन सम्बन्धमा गरेको फोनवार्ता र प्रत्यक्ष वार्तालाप रेकर्ड भएको सिडि समेतका आधार प्रमाणबाट प्रतिवादीहरु भोला कुमार आले र सतिश कुमार भट्टराई उपर विशेष अदालत समक्ष भ्रष्टाचार मुद्दा दायर भएको प्रस्तुत मुद्दामा निवेदक फत्त बहादुर श्रेष्ठ मार्फत सोलार तथा ईन्भर्टर खरिद सम्बन्धि कागजातको प्रतिलिपी पठाईएको भन्ने फिक्कल गाउँपालिकाको कार्यालयको च.नं. ६४ र गोलन्जोर गाउँपालिकाको कार्यालयको च.नं. ५२ मिति२०७४।२।२९ गतेको छुट्टाछुट्टै पत्रबाट निवेदकसंग उक्त गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरु राष्ट्रसेवक कर्मचारीहरु भोला कुमार आले र सतिश कुमार भट्टराईको Official Duty Perform गर्ने काम सम्बद्ध रहेको तथ्य पुष्टि भएको छ।<br>(ख) बरामद अवस्थाको श्रव्य दृश्य सहितको सि.डि. इजलासबाट हेर्दा, सर्वप्रथम प्रतिवादीहरुको रंगेहात परीक्षण गरेको देखिन्छ। रंगेहात परीक्षण पश्चात मात्र प्रतिवादीहरुबाट रकम बरामद गरेको देखियो। उजुरकर्ता निवेदकले पेश गरेको अडियो रेकर्डको स्क्रिप्ट राईटिङ्गको पृष्ठ २ र ३ मा प्रतिवादी मध्येका भोलाकुमार आले र उजुरकर्ता निवेदक बीच रु.१,५१,०००।- को लेनदेन विषयमा वार्तालाप भएको लिपिवद्ध बेहोराबाट देखिन्छ। त्यसैगरी निवेदकले पेश गरेको अडियो Voice No-००१९ मा निवेदक उजुरकर्ता र प्रतिवादीहरु भोलाकुमार आले र सतिशकुमार भट्टराईसमेत तीनै जना व्यक्तिहरु एकै स्थान वसी हरहिसाव गरी वार्तालाप भएको देखिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भएको र सो बाहेकका अन्य कुनै स्वतन्त्र, भरपर्दो एवं विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले आरोप दाबी प्रमाणित गर्न नसकेको।<br>ख) सम्वद्ध प्रमाण कागज, कानून तथा यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त समेतको रोहमा मिलेको नदेखिएको | छ। त्यसअतिरिक्त प्रतिवादी सतिशकुमार भट्टराई र निवेदक बीच रु.९०,०००। दिनु लिनु पर्ने विषयमा कुराकानी भएको स्क्रिष्ट राईटिङ्गको पृष्ठ ८,९ र १० को बेहोराबाट स्पष्ट देखिएको भनी विशेष अदालतबाट प्रतिवादीहरु उपरको आरोपदावी बमोजिमको कसूर ठहर गरेको अवस्थामा उक्त तथ्य र अडियोलाई प्रमाणमा ग्रहण नगरी प्रतिवादीहरु भोला कुमार आले र सतिश कुमार भट्टराईलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला बदरभागी छ।<br>(ग) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट निवेदकले बुझिलिएको रकम बरामद गराएको अवस्थामा त्यस्तो रकमलाई प्रमाणमा लिन नसक्ने भनी संवैधानिक इजलासबाट निबेदक विष्णु प्रसाद घिमिरे दायर गरेको उत्प्रेषणको रिट नं.०७४-WC-००२० को रिट निवेदनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० खारेज गरेको भएतापनि सोही फैसलामा "***कसूरमा संलग्न रहेको प्रतिबादीको साथबाट बरामद भएको रकमका अतिरिक्त अन्य प्रमाणबाट घुस/रिसवत लिने मनसायतत्व रहेको र सो अनुसारको कार्य भएको भन्ने तथ्य व्यहोरा मिसिल संलग्न प्रमाणबाट देखिएको अवस्थामा कसूरदारले आरोपित कसूरबाट उन्मुक्ति पाउने अवस्था हुँदैन***" भनी ब्याख्या भएको छ।<br>(घ) उक्त रिट नं. ०७४-WC-००२० मा बरामद भएको रकम देखी बाहेक अन्य सम्बद्ध प्रमाणबाट कसूर प्रमाणित हुने अवस्था छ भने कुनै राष्ट्रसेवक वा सार्वजनिक पदमा रहेका पदाधिकारीले गरेको भ्रष्टाचारजन्य कसूरबाट सफाई पाउनु पर्छ भनी ब्याख्या भएको देखिँदैन। भ्रष्टाचार निवारणको लागि राज्यका निकायहरुले वैध तरिका अवलम्बन गर्नु पर्ने र राज्य स्वेच्छाचारी हुन नहुने भनी "***भ्रष्टाचार निवारण हुन आवश्यक रहेको र राज्य व्यवस्थालाई नै जर्जर बनाउने गम्भीर अपराधिक कार्य भएकोले भ्रष्टाचार निवारणको लागि राज्यले हरसम्भव वैध (उचित) उपायहरुको प्रयोग गर्नु पर्ने***" भनी उल्लेख गरेको पाइन्छ। उक्त नियमावलीको नियम ३० को प्रावधान नभएको अवस्थामा समेत ऐनमा उल्लेखित व्यवस्थाले मौजुदा प्रमाण रहेको खण्डमा भ्रष्टाचार गरेको ठहर हुन सक्ने अवस्था रहेको छ। सोही सम्बन्धमा संवैधानिक इजलासको उक्त फैसलामा "***मुद्दामा नियम ३० बमोजिम बाहेक अन्य तवरबाट संकलन गरेका प्रमाण पनि रहेका हुन्छन्। सो नियम ३० अमान्य र बदर हुँदैमा अदालतमा विचाराधिन मुद्दा स्वतः समाप्त हुने वा खारेज हुने वा भए गरिएका सम्पूर्ण कारबाहीहरु प्रारम्भदेखि नै अमान्य र बदर हुने होइनन्। न्यायिक प्रक्रियामा रहेका विवादको निरुपण गर्ने नियमित विधि र पद्धति निर्धारित छन्। नियम ३० लाई अमान्य र बदर भनी घोषित गरिएको सम्मको कारणबाट अदालतमा विचारधीन मुद्दा नै खारेज हुनुपर्छ भन्ने वा सबै काम कारबाही अमान्य र बदर हुनेछन् भन्ने सम्झन मिल्दैन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनका आधारमा आरोप दावी ठहर हुने वा नहुने कुराको न्यायिक निरुपण गर्नु नै पर्ने हुन्छ***" भनी उल्लेख भएको अवस्थामा बरामदी मुचुल्का वाहेकका अन्य प्रमाणहरु रेकर्डको स्क्रिप्ट राईटिङ्गको पृष्ठ २ र ३ मा प्रतिवादी मध्येका भोलाकुमार आले र उजुरकर्ता निवेदक बीच रु १,५१,०००।- को लेनदेन विषयमा वार्तालाप, अडियो Voice No-००१९ मा निवेदक उजुरकर्ता र प्रतिवादीहरु भोलाकुमार आले र सतिशकुमार भट्टराईसमेत तीनै जना व्यक्तिहरु एकै स्थान वसी हरहिसाव |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरेको वार्तालाप तथा उजुरकर्ताको अदालत समक्षको वकपत्र लगायतका प्रमाणहरुलाई प्रमाणमा ग्रहण नगरी भएको प्रस्तुत फैसला सम्मानित सर्वोच्च अदालतको रिट नं. ०७४-WC-००२० मा प्रतिपादित सिद्धान्त विपरित रहेको हुँदा बदरभागी छ।<br>(ङ) “*सेवाग्राही उजुरकर्ता र प्रतिवादी बीच भएको संवादको अडियो रेकर्डिङ्ग प्रमाणमा लिन मिल्ने हो वा होइन भन्ने प्रश्नका सम्वन्धमा सम्मानित सर्वोच्च अदालतको कुनै पनि प्रमाणको प्रमाणग्राह्यता (admissibility of evidence) का सम्बन्धमा हाम्रो प्रमाण ऐन, २०३१ को दफा ३ ले सम्वद्धतालाई आधार मानेको पाइन्छ। प्रमाणमा लिन नहुने भनी उल्लेख नभएको र मुद्दामा ठहर गर्नु पर्ने कुरासंग सम्बद्ध छ भने तथा प्रमाण कानूनको मान्य सिद्धान्त अनुरुप प्रमाणमा ग्रहणयोग्य रहेको देखिन्छ भने ती कुराहरु प्रमाणमा लिन सकिने अवस्था देखिन्छ। यी सिद्धान्त र व्यवस्थाका आधारमा कुनै प्रमाणको प्रमाणग्राह्यताका सम्बन्धमा बिचार गर्दा तीनवटा कुराहरु सम्बद्धता (Relevance), विश्वासनियता (Reliability) र वजन (Weight) महत्वपूर्ण मानिन्छन्। सम्बद्धता मुद्दामा ठहर गर्नु पर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता पुर्याउने आधारमा यकिन गरिने हुन्छ भने विश्वासनियता प्रमाणको स्रोतको आधारमा यकिन गरिने हुन्छ। त्यसैगरी प्रमाणको वजन प्रमाणको प्रकृतिबाट जस्तो प्रत्यक्ष प्रमाण हो वा परिस्थितिजन्य प्रमाण हो भन्ने आधारमा यकिन गरिने हुन्छ। यस पृष्ठभूमिमा अडियो रेकर्डिङ्गको प्रमाणग्राह्यताका सम्बन्धमा बिचार गर्दा हाम्रो प्रमाण कानूनले यस प्रकारको रेकर्डिङ्गलाई प्रमाणमा लिन नहुने गरी व्यवस्था भएको पाइदैन*” भनी सम्मानित सर्वोच्च अदालतबाट वरामदी मुचुल्का बाहेक अन्य प्रमाणले आरोपित कसूरमा प्रतिवादीको संलग्नता रहेको देखिन्छ भने कसूरदार ठहर गर्न मिल्ने सम्बन्धमा बालमुकुन्द श्रेष्ठ विरूद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दा (०७५-CR-००५१) मा व्याख्या भई सिद्धान्त प्रतिपादन भइसकेको छ।<br>(च) सम्मानित सर्वोच्च अदालतबाट मुद्दा नं. ०७८-CR-०४९९, ०७५-CR-०६२९, ०७५-CR-००५१ र ०७५-CR-१२८९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमवाली,२०५९ को नियम ३० बाहेकका अन्य प्रमाणहरुबाट कसूर पुष्टी हुन आएको अवस्थामा उक्त कसूरलाई सजाय गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ भनी उजुरकर्ताहरुको प्रतिवादी उपरको किटानी निवेदन र सो बेहोरा समर्थन हुने गरी सुरु अदालत समक्ष गरेको बकपत्र, खानतलासी तथा बरामदी मुचुल्का, रंगेहात नमुना संकलन परीक्षण मुचुल्का लगायतका प्रमाणहरुलाई मूल्यांकन गरी कसूर ठहर गरेको अवस्थामा प्रस्तुत मुद्दामा समेत राष्ट्रसेवक कर्मचारीहरु प्रतिवादी भोला कुमार आले र सतिश कुमार भट्टराईको रंगेहात परीक्षण तथा नमूना संकलन मुचुल्का, खानतलासी तथा बरामदी मुचुल्का, निज भोला कुमार आले र सतिश कुमार भट्टराईले गरि दिएको बरामदी नोटको फोटोकपी सनाखत, बरामद एवं पक्राउ गरी दाखिला गरेको प्रतिबेदन, श्रव्य दृश्य सहितको सि.डि., भोला कुमार आले र सतिश कुमार भट्टराईले अनुसन्धानको क्रममा गरेको वयान कागजहरु, पोलिग्राफ परीक्षण प्रतिवेदन, बुझिएका प्रभुराम सुनुवार, डिल्ली प्रसाद घिमिरे र शेर बहादुर कार्कीको छुट्टाछुट्टै कागजहरु, निवेदक ध्रुब भन्ने फत्त बहादुर श्रेष्ठको कागज, फिक्कल गाउँपालिकाको कार्यालय र गोलन्जोर गाउँपालिकाको कार्यालयका छुट्टाछुट्टै पत्रहरु तथा पत्रसाथ प्राप्त कागजातहरु र केन्द्रीय प्रहरी विधि विज्ञान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रयोगशाला, सामाखुशी काठमाडौंको परीक्षण प्रतिवेदन लगायतका सबुद प्रमाणहरुलाई ग्रहण नगरी भएको फैसला सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त विरुद्ध हुँदा बदरभागी छ।<br>(छ) प्रतिबेदक प्रहरी उपरीक्षक मुकेश कुमार सिंह समेतले प्रतिबेदन साथ पेश गरेको घुस रकम लेनदेन तथा खानतलासी/बरामदी गर्दाको अबस्थाको गतिबिधि रेकर्ड भएको श्रव्य-दृष्य सिडि र उजुरी निबेदक फत्त बहादुर श्रेष्ठले निवेदन साथ पेश गरेको भोला कुमार आले र सतिश कुमार भट्टराईले निबेदकसंग घुस/रिसवत लेनदेन सम्बन्धमा गरेको फोनवार्ता र प्रत्यक्ष वार्तालाप रेकर्ड भएको सिडिलाई जुन सि.डि लाई यी प्रतिवादीहरुले आफ्नो वयानका क्रममा समेत सनाखत गरेको अवस्थामा उक्त सिडि रेकर्ड Electronic Evidence लाई ग्रहण नगरी केवल प्रतिवादीहरुलाई कसूरबाट उन्मुक्ती दिने अभिप्रायले अन्य प्रमाणको विश्लेषण सम्म नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० खारेज भएको अवस्थामा अन्य प्रमाणहरु प्रमाण योग्य नरहेको भनी प्रत्यक्ष प्रमाणको गलत ब्याख्या गरी आरोपपत्रसाथ पेस गरेको सि.डी.मा रहेको उजुरकर्ता र प्रतिवादीहरू बिचको भनिएको फोनवार्ता कहिलेको हो भन्ने स्पष्ट नभएको र उजुरकर्ताले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी दिई प्रतिवादीहरूलाई घुसबापत भनी रकम दिने उद्देश्यसँगै सिर्जना गरिएको भन्ने मिसिलको अध्ययनबाट देखिंदा त्यस्तो शंसययुक्त सि.डी.लाई प्रतिवादी विरुद्ध कसुर ठहर हुने प्रमाणको रुपमा लिन नसकिने भनी भएको फैसलामा न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२) को खण्ड (ख) बमोजिम सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला भएको देखिन्छ। अतः बरामदी बाहेक अन्य प्रमाणको आधारमा प्रतिवादीले घुस रिसवत लिएको ठह-र्याई प्रतिवादी उपर कसूर कायम गरेको सो मुद्दाको तथ्य र प्रमाणको यथार्थता यस मुद्दामा समेत समान तवरमा विद्यमान रहँदा रहँदै सो मुद्दामा प्रतिवादी उपर कसूर ठहर गर्ने र प्रस्तुत मुद्दामा प्रतिवादीलाई सफाई दिने कार्य Treat like cases alike different cases differently भन्ने कानूनशास्त्रको मूलभूत मान्यताको समेत प्रतिकुल हुने गरी सम्मानित अदालतको संयुक्त इजलासबाट फैसला भएको देखिएबाट प्रस्तुत फैसला नजिरको परिपालनाको सन्दर्भमा समेत बदरभागी छ।<br>अत:माथि उल्लिखित आधार प्रमाणहरु एवं सम्मानित सर्वोच्च अदालतबाट समान तथ्य र प्रमाण रहेका मुद्दामा प्रतिपादित कानूनी सिद्धान्तहरु समेतबाट निज प्रतिवादीहरुले आरोप-पत्र मागदावी बमोजिमको कसूर गरेको पुष्टि भईरहेको अवस्थामा तत् प्रमाणहरुलाई अनदेखागरी निज प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम सजाय गर्ने गरी बिशेष अदालतबाट भएको फैसलालाई केवल अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपलब्ध गराएको रकम बरामदी भएको आधारलाई मात्र अबलम्बन गरी सुरु फैसला उल्टी गरी प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने सर्वोच्च अदालत संयुक्त ईजलासबाट भएको फैसला त्रुटिपूर्ण देखिंदा उक्त फैसला बदर गरी निज प्रतिवादीहरुलाई आरोपपत्र मागदावी बमोजिम सजाय गरी पाउन सादर अनुरोध छ |